# मत्तीको सुसमाचार

नायाँ करारमा मत्तीको सुसमाचार पहिलो पुस्तक हो। चार वटा सुसमाचारका पुस्तकहरु मध्ये एक “मत्तीको सुसमाचार” हो। चार सुसमाचारका प्रत्येक पुस्तकमा दुई वटा कुराहरु छन्: येशूको कथा र येशूको शिक्षा बारे।



**लेखक:** प्रेरित मत्ती। मत्ती पहिले कर उठाउने व्यक्ति थियो र पछि येशूको चेला भए। (मत्ती ९:९) उनलाई लेवी पनि भनिन्थ्यो। (मर्कूस २:१४)

**मिति:** पहिलो शताब्दीको अन्तिम तिर लेखिएको थियो।

**मूल दर्शक:** ग्रीक भाषा बोल्ने यहूदी मानिसहरु थिए।

**पुस्तकको मुख्य उद्देश्य:** मत्तीले आफ्नो सुसमाचार लेख्नुको दुई मुख्य उद्देश्यहरु थिए। पहिलो, उहाँले देखाउनुहुन्छ कि प्रभु येशू सबै मानिसहरुका लागि परमेश्वरले पठाउनुभएको प्रतिज्ञा गरिएको ख्रिष्ट हुनुहुन्छ। दोस्त्रो, मत्तीले येशूको जीवन र कार्यहरुले पुरानो नियमको व्यवस्थाहरु र भविष्यावाणीहरु पूरा गरेको देखाउँछ। येशूको कथा पछि, मत्तीले ११ पटक बताउँछ कि, “यो अगमवक्ता मर्फत भनिएको पूरा गर्नको निम्ति थियो।” मत्तीको मुख्य मूल दर्शक यहूदी मानिसहरु भएकाले पुरानो नियममा उहाँको बारेमा बोलिएका भविष्यवाणीहरुलाई येशूले पूरा गर्नुहुने सबै तरिकाहरु उहाँले औंल्याउनुहुन्छ।

मत्तीको सुसमाचारमा येशूको शिक्षाको पाँचवटा ठुला भागहरु छन्। प्रत्येक लामो शिक्षण खण्डको अघि, येशूले गर्नुभएको कामहरुको कथाहरु छन्। कथाका खण्डहरु भित्र, त्यहाँ कहिलेकाहीँ येशूले सिकाउनुभएको छोटो शिक्षाहरु छन् जुन येशूले गर्नुभएको चमत्कारहरु र उहाँका चेलाहरुद्धारा गरिएका अन्य कार्यहरुसँगै जान्छन्। ती कथाका भागहरुले येशूका ती लामो शिक्षणहरुलाई सहयता पुर्याएको छ। ती लामो शिक्षणहरुका अन्तमा, मत्तीले संक्रमण चिन्ह लगाउन प्रत्येक पटक समान शब्दहरु प्रयोग गरेको छ। मत्तीले, “जब येशूले यी सबै कुरा भनिसक्नुभएपछि,” तब त्यसपछि नयाँ कथा खण्डको परिचय गरेको छ। तपाईले ती संक्रमण भनाईहरु मत्ती (७:२८-२९, ११:११, १३:५३, १९:१, र २६:१) मा पाउन सक्नुहुन्छ। यी संक्रमण भनाईहरुले हामीलाई पुस्तकका विभिन्न ठूला शिक्षण खण्डहरु सजिलैसँग पहिचान गर्न मद्दत गर्दछ। सुसमाचार येशूको जन्मबाट सुरु हुन्छ र त्यसपछि पाँच कथाहरु र ठूलो शिक्षा र येशूको मृत्यु र उहाँको पुनरुत्थानमा समाप्त हुन्छ। त्यसकारण यस पुस्तकको रुपरेखामा सात वटा महत्वपूर्ण भागहरु छन्।

1. येशूको जन्मको कथा (१:१-२:२३)
2. येशूको सेवकाईको सुरुवात (३:१-७:२९)
    - कथा (३:१-४:२५)
    - शिक्षण १- डाँडाको उपदेश:५१-७:२९
3. येशूको अधिकारको प्रकटीकरण (८:१-११:१)
    - कथा (८:१-९:३५)
    - शिक्षण २- सेवाकाई: ९:३६-११:१
4. येशूको सेवाकाईले विभाजन ल्याएको: ११:२-१३:५३

**ध्यान दिनुहोस्!**

तपाईले अध्ययन गर्दा, येशूले आफ्नो शिक्षामा पुरानो नियमको शिक्षालाई कसरी उद्दित गर्नुभएको छ ध्यान दिनुहोस्। पुरानो नियमका उद्वारणहरु सबै फुटनोटमा रखिएको छ।

    - कथा (११:२-१२:५०)
    - शिक्षण ३- स्वर्गको राज्यको बारेमा दृष्टान्त १३:१-५३
5. येशूको चेला हुनुको अर्थ के हो (१३:५४-१९:२)
    - कथा (१३:५४-१७:२७)
    - शिक्षण ४- चेलाहरुका समुदायको लागि नियमहरु: १८:१-१९:२
6. येशूको आउँदै गरेको न्याय र यरुशालेम (१९:३-२६:२)
    - कथा: १९:३-२२:४६
    - शिक्षण ५- फारिसीहरुको सार्वजनिक अस्वीकार र उहाँका चेलाहरुका निम्ति निजी शिक्षा: २३:१-२६:२
7. येशूको मृत्यु, पुनरुत्थान र महान् आदेश् (२६:३-२८:२०)

---

## येशू र मोशा

मत्तीको सुसमाचार अध्ययन गर्ने धेरै मानिसहरुले येशू र अगमवक्ता मोशाबीच समानताहरु देखेका छन्। मोशा यहूदी इतिहास र धर्मका सबै भन्दा प्रभावशाली व्यक्तिहरु मध्ये एक थिए। कोही-कोही विश्वास गर्छन् कि मत्तीले आफ्नो सुसमाचारमा येशू चाहीँ नयाँ मोशा र उनी भन्दा असल हुन भनी व्यत्क गरेको पाइन्छ। उदाहरणको लागी: हुन सक्छ कि, पुरानो नियममा मोशाको पाँच पुस्तकहरु प्रतिबिम्बित गर्न मत्तीले आफ्नो पुस्तकमा पाँच वटा लामो शिक्षण ठुलो खण्डहरुको ब्यवस्थित गरेको छ। यहाँ केही अन्य समानताहरु प्रस्तुत गरेक छन्।

| | |
|---|---|
| मोशाले इस्राएलीहरुलाई मिश्रबाट बाहिर निकाले | येशू बाल्यकालमा मिश्रबाट बाहिर आउनुभयो |
| मोशा चालिस वर्ष सम्म उजाडस्थानमा थिए | येशू चालिस दिन सम्म उजाडस्थानमा उपवास बस्नुभयो |
| मोशाले पर्वतमा परमेश्वरको शिक्षा पाए | येशूले पर्वतबाट परमेश्वरको वचनको शिक्षा दिनुभयो |

मत्तीले स्पष्ट पर्छ कि येशू मोशाभन्दा असल हुनुहुन्छ। येशूले हामीलाई पापको कैदीबाट छुट्कारा दिनुभयो, हामीलाई परमेश्वरबाट नयाँ शिक्षा दिनुभयो, पापबाट उद्दार गरेर अनन्त मृत्युबाट बचाउनुभयो, र पुरानो करारलाई हटाएर नयाँ करारको स्थापना गर्नुभयो।

तपाईले मत्तीको सुसमाचार पढ्दा, येशूलाई शिक्षकको रुपमा सुन्नुहोस्। उहाँ नै हाम्रो एक मात्र शिक्षक हुनुहुन्छ। (२३:१०) उहाँका वचनहरु चट्टान हुन् ( ७:२४-२५) र हाम्रो जीवनलाई निर्मण गर्न, र उहाँको शिक्षा सधैभरी रहिरहनेछ। (२४:३५)। स्वर्ग र पृथ्वीमा समस्त अधीकार येशूसँग छ। र उहाँले भन्नुभएको सबै कुराको पालन गर्नुपर्दछ। (२८:१८-२०)

तपाईले प्रत्येक कथा र शिक्षणहरु पढेसकेपछि, यी निम्न प्रश्नहरु सोध्नुहोस्।

1. हामीले येशूको बारे के सिक्छौं?
2. मानिसको बारे के सिक्छौं?
3. येशूको आज्ञा पालन गर्न के गर्नुपर्छ?
4. तपाई यो कसलाई बताउनुहुन्छ?

विचार गर्नुपर्ने प्रश्न: मत्तीको सुसमाचारमा येशूलाई स्वीकार गर्न र पछ्याउने चाहने मानिसहरुका प्रकारमा ध्यान दिनुहोस्। ती येशूलाई पछ्याउनेहरु तपाईले चाहन गर्नुभएकाहरु हुन?